# बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित)

दरवारमार्ग, काठमाण्डौ ।

**(कम्पनी दर्ता नं. १६८१२१/७३/०७४)**

## बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडको छैटौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री अनुप कुमार उपाध्यायद्वारा प्रस्तुत कम्पनीको *आर्थिक* वर्ष २०७८/०७९ को *वार्षिक प्रतिवेदन*

आदरणीय शेयरधनी महानुभावहरु,

बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडको छैटौ वार्षिक साधारण सभामा संस्थागत प्रतिनिधित्व गरी उपस्थित हुनु भएका शेयरधनी संस्थाका आधिकारिक प्रतिनिधि महानुभावहरु, सञ्चालक समितिका सदस्यहरु, लेखापरीक्षण समितिका अध्यक्ष तथा सदस्यहरु, लेखापरीक्षक तथा आन्तरिक लेखापरीक्षक, अन्य आमन्त्रित व्यक्तित्वहरु, कम्पनीका कर्मचारीहरु र यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई कम्पनीको सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत गर्न चाहन्छु ।

तपाई शेयरधनीहरुको निरन्तर साथ सहयोग र विश्वास, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायहरुको मार्ग निर्देशन र सहजीकरणको फलस्वरुप आजको दिनमा मुलुकको उर्जा विकासका लागि साझेदारको रुपमा रही संगठनात्मक ढंगले अगाडि बढाउन प्राप्त साथ सहयोगका लागि म हार्दिक आभार व्यक्त गर्दछु ।

यस गरिमामय सभामा यस कम्पनीको सञ्चालक समितिको अध्यक्षको हैसियतले कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन सगौरव प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### १. संस्थागत पृष्ठभूमि :

कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने करिब ६ लाख सञ्चयकर्ताको सञ्चित रकममा कोषबाट प्राप्त हुने प्रतिफललाई मुलुक आत्मनिर्भर, समुन्नत र समृद्ध बनाउन विकासको मेरुदण्डको रुपमा रहेको जलविद्युत क्षेत्रको विकासमा सञ्चयकर्तालाई सहभागी गराई सञ्चयकर्ताहरुको अवकाश पछिको जीवनयापनमा सुदृढ आर्थिक आधारशीला निर्माण गर्ने प्रमुख उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम २०७४ साल वैशाख २४ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई यस कम्पनी स्थापना भएको बिदितै छ ।

आयोजना अध्ययनको सिलसिलामा विभिन्न विकल्पहरु अध्ययन भई परामर्शदाताबाट प्रस्तुत भएको संभाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report) / विस्तृत इन्जिनीयरिङ्ग

अध्ययन (Detailed Engineering Study) का आधारमा आयोजनाको क्षमता ४३९ मे.वा निश्चित भइसकेको र आयोजना प्राविधिक र आर्थिक दृष्टिकोणले निर्माण गर्न उपयुक्त देखिएको छ । यस सन्दर्भमा विभिन्न निकायहरुमा विधिबत रुपमा दर्ता भई आयोजनाले प्रमाणपत्र प्राप्त गरेको छ ।

## २. कम्पनीको उद्येश्य :

जलविद्युत आयोजना निर्माणका लागि जलविद्युत आयोजनाहरुको पहिचान गरी प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी सर्वेक्षण, निर्माण, उत्पादन, सञ्चालन र व्यवस्थापन गर्ने तथा आयोजनाबाट उत्पादित विद्युत शक्ति देशीय तथा अर्न्तदेशीय विद्युत प्रणालीसंग जोडी विक्री वितरण गर्ने कम्पनीको प्रमुख उद्देश्य रहेको छ ।

## ३. कम्पनीको पूँजी :

३.१ **शेयर संरचना :** यस कम्पनीको अधिकृत पूँजी रु. २० अर्ब र जारी पूजी रु. १० अर्ब रहेको छ । सो पूँजीलाई रु. १००/- दरका साधारण शेयरमा विभाजन गरिएको छ । जसमा प्रवर्द्धकहरु - कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ता कर्मचारीको ४० प्रतिशत, कर्मचारी सञ्चय कोषको १५ प्रतिशत, नेपाल विद्युत प्राधिकरण १० प्रतिशत, विद्युत उत्पादन कम्पनी लिमिटेडको १० प्रतिशत र बाँकी २५ प्रतिशत सर्बसाधारण शेयर मध्ये आम नेपाली नागरिक १३ प्रतिशत, आयोजना प्रभावित जिल्लाका बासिन्दाको लागि १० प्रतिशत तथा अति विपन्न परिवारको लागि २ प्रतिशतको शेयर स्वामित्व रहने व्यवस्था छ ।

कम्पनीले हालसम्म साधारण शेयर जारी गरिसकेको छैन ।

### ३.२ शेयर माग तथा दाखिला :

यस कम्पनीको अधिकृत पूँजी रु. २० अर्ब र जारी पूजी रु. १० अर्ब रहेको छ । कम्पनीको आवश्यकतालाई दृष्टिगत गरी मिति २०७८/०२/३१ मा बसेको सञ्चालक समितिको ९१औं बैठकको निर्णयानुसार शेयरधनीहरु (समूह "क१" र "क२") कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ता, कर्मचारी सञ्चय कोप, नेपाल विद्युत प्राधिकरण, विद्युत उत्पादन कम्पनी लिमिटेडसंग थप शेयर पूँजी माग गरिएकोमा प्रतिवेदन लेखन अवधिभित्र प्राप्त शेयर पूँजीको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

| समूह | शेयरधनी | जारी पूँजी मध्यें देहाय बमोजिम शेयर बाँडफाँड गरिएको छ | | | शेयर रकम (रु. करोडमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | लगानी % | शेयर संख्या | शेयर रकम रकम (रु. करोडमा) | माग गरिएको | प्राप्त भएको | प्राप्त हुन बाँकी |
| "क१" | **संस्थापक शेयरधनी** | | | | | | |
| १ | कर्मचारी सञ्चय कोष | १५ | १५,०००,००० | १५०.०० | ४८.०० | ३८.०० | १०.०० |
| २ | नेपाल विद्युत प्राधिकरण | १० | १०,०००,००० | १००.०० | ३२.०० | ७.०० | २५.०० |
| ३ | विद्युत उत्पादन कम्पनी लि. | १० | १०,०००,००० | १००.०० | ३२.०० | २५.०० | ७.०० |
| "क२" | कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताहरु | ४० | ४०,०००,००० | ४००.०० | १२८.०० | २८.०० | १००.०० |
| ख | **सर्वसाधारण शेयरधनी** | | | | | | |
| १ | सर्बसाधारण नेपाली नागरिक | १३ | १३,०००,००० | १३०.०० | - | - | - |
| २ | आयोजना प्रभावित जिल्लाका वासिन्दा | १० | १०,०००,००० | १००.०० | - | - | - |
| ३ | अतिविपन्न परिवार | २ | २,०००,००० | २०.०० | - | - | - |
| | जम्मा | १०० | १०००००००० | १०००.०० | २४०.०० | ९८.०० | १४२.०० |

४. **मानव संसाधन व्यवस्थापन** :

कम्पनी तथा यस अन्तर्गतको आयोजनाको लागि आवश्यक पर्ने कर्मचारीको पदपूर्ति स्वीकृत दरबन्दीको अधीनमा रही करार सेवाबाट पदपूर्ति गरिएको छ । कम्पनीको मौजुदा व्यवस्था अन्तर्गत स्वीकृत दरबन्दी बमोजिम आवश्यकता अनुसार क्रमिक रुपमा पदपूर्ति हुँदै आएको छ ।

कम्पनीमा आर्थिक बर्ष २०७८/७९ मा कुल कर्मचारी संख्या १९ जना रहेको जसमध्ये अधिकृत स्तरमा १० जना, सहायक स्तरमा २ जना र सहयोगी तहमा ७ जना कर्मचारी कार्यरत रहेका छन् ।

५. **नीतिगत ब्यवस्था :**

नेपालको जलबिद्युत बिकास नीति, २०५८ को मुख्य उद्येश्य नै देशमा विद्यमान जलस्रोतको उपयोग गरी कम लागतमा विद्युत उत्पादन गर्ने रहेको छ । साथै, कृषि एवम् औद्योगिक विकाससँग प्रत्यक्ष सरोकार राख्ने विद्युत क्षेत्रको विकास पूर्वाधार रहेको तथ्यलाई आत्मसात् गर्दै जलविद्युत सेवालाई सामाजिक न्यायको दृष्टिले ग्रामीण अर्थतन्त्रसम्म पुऱ्याउने रणनीति रहेको छ ।

सोही नीतिलाई आत्मसाथ गरी कर्मचारी सञ्चय कोषमा कोष कट्टी हुने करिव छ लाख सञ्चयकर्ता, सर्वसाधारण, आयोजना प्रभावित जिल्लाका वासिन्दा र प्रवर्द्धकको लगानी सुरक्षित हुने गरी समयमा नै उच्च प्रतिफल दिने लक्षका साथ आयोजना अगाडि बढाइएको छ ।

६. **कानूनी ब्यवस्था :**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको यस कम्पनी तदनुरुपको कानूनी व्यवस्थाको परिपालना गर्नु यस कम्पनीको कर्तब्य हो । कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी नीति नियम

तथा परिपत्रहरुको परिपालना गर्नुका साथै विद्युतसँग सम्वन्धित कतिपय ऐन नियमहरु कम्पनीका लागि बाध्यकारी रहेका छन् ।

त्यसै गरी कम्पनीमा कार्यरत कर्मचारीहरुको व्यवस्थापनको सिलसिलामा श्रम ऐन, २०७४ मा भएका व्यवस्थाहरुको समेत परिपालना गर्नु कम्पनीको प्रमुख कर्तव्य हुन आउँछ ।

कम्पनीको सञ्चालन गर्न र कम्पनीले निर्माण गर्न लागेको बेतन कर्णाली अर्धजलासययुक्त जलविद्युत आयोजनाको हकमा कम्पनीको प्रवन्धपत्र, २०७४ को दफा ४ मा भएको व्यवस्था अन्तरगत निर्माण गर्न लागिएको यस आयोजनाका साथै कम्पनीले अन्य जलविद्युत आयोजना निर्माणका लागि प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त गरी मुलुकमा उपलब्ध जलस्रोत उपयोग गरी जलविद्युत आयोजना निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने र उक्त आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने कार्य समेत यस कम्पनीले गर्न सक्ने व्यवस्था छ ।

७. **स्रोत व्यवस्थापन :**

देशको प्रमुख सामाजिक सुरक्षा संस्थाको रुपमा रहेको कर्मचारी सञ्चय कोष, मुलुकमा विद्युतको उत्पादन, विकास एवं वितरणमा अग्रणी भूमिका भएको सरकारी स्वामित्व तथा नियन्त्रणमा रहेको नेपाल बिद्युत प्राधिकरण र विद्युत उत्पादनका लागि सरकारी स्वामित्वमा स्थापना भएको विद्युत उत्पादन कम्पनी लिमिटेड जस्ता संस्थाहरु मुख्य प्रर्बद्धक रहेको यस कम्पनीमा वित्तीय स्रोतको व्यवस्थापन अन्य आयोजनाहरु भन्दा फरक रहेको छ । संस्थागत शेयरधनीहरुको रुपमा रहेका कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ता कर्मचारीको मुनाफा रकम यस आयोजनामा उपयोग गर्ने अवस्था छ ।

परामर्शदाताबाट प्राप्त संभाव्यता अध्ययन प्रतिबेदन (Feasibility Study Report) र विस्तृत आयोजना प्रतिबेदन (Detailed Project Report) अनुसार आयोजना प्राविधिक तथा वित्तीय हिसावले निर्माण गर्न संभाब्य तथा सवल देखिएको छ ।

आयोजनाको भौगोलिक अवस्थिति, संरचना, कुल क्षमता ४३९ मे.वा. (पिकिङ्ग रन अफ द रिभर) र लागत निश्चित भएको छ ।

आयोजनाको कुल लागत करिव रु. ७४.१५ अर्ब (निर्माण अवधिको ब्याज बाहेक) र निर्माण अवधिको ब्याज समेत जम्मा रु. ८८.१९ अर्ब हुने छ । कर्जा स्वःपूँजी अनुपात ६५:३५ कायम गरी आयोजनालाई आवश्यक करिव रु. ५७.३२ अर्ब ऋणको प्रवन्ध गर्न ग्लोवल आईएमई बैंकले सहवित्तीयकरणको नेतृत्व गर्ने र नेपाल इन्फ्रास्ट्रक्चर बैंक र सनराइज बैंक सह-नेतृत्वमा रहने गरी आयोजनालाई वित्तीय व्यवस्थापन गर्ने कार्य सकारात्मक रुपमा अगाडि बढेको छ ।

८. **संस्थागत सुशासन :**

सुशासनका आधारभूत सिद्धान्तका रुपमा रहेका पारदर्शिता, नैतिकता, इमान्दारिता, जवाफदेहिता, उत्तरदायित्व, नियम कानूनको परिपालना, सदाचार र शून्य सहनशीलतालाई आत्मसाथ गरी कम्पनीका काम कारवाहीहरु सञ्चालन हुने गरेका छन् ।

कम्पनी ऐन, २०६३, कम्पनीका प्रवन्धपत्र एंव नियमावलीले सञ्चालक समिति र प्रवन्ध सञ्चालकको काम, कर्तब्य र अधिकार तोकिदिएको छ। सोको अधीनमा रही कम्पनी सञ्चालक समितिद्वारा तर्जुमा गरिएको कर्मचारी प्रशासन विनियमावली, २०७४ बाट कम्पनीमा मानव संसाधन ब्यवस्थापन हुने गरेको छ।

कम्पनी ऐन, २०६३ र कम्पनीको लेखापरीक्षण समितिको गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ ले लेखापरीक्षण समितिको काम, कर्तब्य र अधिकार तोकिएको छ। साथै, कम्पनीको आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७४ ले आन्तरिक लेखापरीक्षकको काम, कर्तब्य र अधिकार र आन्तरिक लेखापरीक्षणको प्रकृया निरुपण गरिदिएको छ। आर्थिक प्रशासन विनियमावली, २०७४ अनुरुप कम्पनीको आर्थिक प्रशासन र खरिद कार्य सञ्चालन हुने गरेको छ।

सार्वजनिक खरिद कार्यको मार्गदर्शक आधारभूत सिद्धान्तको अनुशरण गरी तर्जुमा गरिएको कम्पनीको खरिद बिनियमावली, २०७७ ले कम्पनीको खरिद कार्यलाई खुला, बस्तुगत, पारदर्शी, जवाफदेही, ब्यवस्थित र सुचारुरुपले सञ्चालन गर्ने ब्यवस्था गरेको छ।

## ९. आन्तरिक नियन्त्रण प्रणाली :

कम्पनीमा आउन सक्ने सबै प्रकारको जोखिमलाई न्यूनीकरण गर्न आन्तरिक नियन्त्रण प्रणालीको बिकास गरिएको छ। कम्पनीको लेखा प्रचलित नेपाल लेखामान अनुसार राखिएको छ। कम्पनीका आर्थिक क्रियाकलापहरु कम्पनी ऐन, २०६३ र आर्थिक प्रशासन विनियमावली, २०७४ अनुरुप सञ्चालित छन। कम्पनी ऐन, २०६३ बमोजिम लेखापरीक्षण समितिको ब्यवस्था गरिएको छ। कम्पनीको कामको लागि आवश्यकता अनुसार सञ्चालक समितिको निर्णय/निर्देशानुसार कार्यहरु भईरहेका छन।

### ९.१ लेखापरीक्षण समिति :

कम्पनीको पारदर्शिता तथा जवाफदेहितालाई सुनिश्चित गर्न कम्पनी ऐन, २०६३ दफा १६४ बमोजिम कम्पनीमा एक लेखापरीक्षण समिति रहेको छ। आर्थिक बर्ष २०७८/७९ मा सो लेखापरीक्षण समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनु भएको थियो :

- सञ्चालक श्री राधेश पन्त - अध्यक्ष
- सञ्चालक श्री जितेन्द्र धिताल - सदस्य
- चार्टर्ड एकाउण्टेण्ट श्री बिजयराज घिमिरे- सदस्य

आ.ब. २०७८/७९ मा जम्मा ८ पटक लेखापरीक्षण समितिको बैठक सम्पन्न भएको थियो।

लेखापरीक्षण समितिले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने, जोखिम व्यवस्थापन गर्ने, संस्थागत सुशासन कायम गर्ने, वित्तीय प्रतिवेदनको प्रस्तुतीकरण गर्ने,

वाह्य तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरुको सुधार गर्ने र लेखा तथा लेखापालन सम्बन्धी अन्य विषयहरुमा आवश्यकता अनुसार सञ्चालक समितिलाई सुझाव दिने र व्यवस्थापनलाई निर्देशन दिने गरेको छ ।

### ९.२ कम्पनीको लेखा :

कम्पनीको आर्थिक विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard -NFRS) अनुरुप तयार गरिएको छ ।

### ९.३ आन्तरिक लेखापरीक्षण :

आर्थिक वर्ष २०७८/७९ को कम्पनीको लेखा दुरुस्त गरी त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्न के.ए.यस. एशोशिएट्स, चार्टर्ड एकाउण्टेण्टसका चार्टर्ड एकाउण्टेण्ट श्री विनय प्रकाश श्रेष्ठलाई नियुक्त गरी आन्तरिक लेखापरीक्षण सम्पन्न गरिएको छ ।

### ९.४ बाह्य लेखापरीक्षण :

आ.व. २०७८/७९ को कम्पनीको लेखापरीक्षण गर्न कम्पनीको पाँचौ बार्षिक साधारण सभाको सर्वसम्मत निर्णयबाट नियुक्त लेखापरीक्षक के.एम.यु. एण्ड एशोसिएट्स,चार्टर्ड एकाउण्टेण्ट्स्का म्यानेजिङ्ग पार्टनर श्री मुकुन्द महतद्वारा आ.व. २०७८/७९ को कम्पनीको अन्तिम लेखापरीक्षण गर्ने कार्य सम्पन्न भएको छ ।

### ९.५ लेखापरीक्षण प्रतिवेदनउपर सञ्चालक समितिको प्रतिक्रिया :

लेखापरीक्षण प्रतिवेदनसहित कम्पनीको आर्थिक वर्ष २०७८/७९ को बित्तीय विवरणहरु शेयरधनीहरुलाई उपलब्ध गराइसकिएको छ । लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत देखिएको छैन ।

### ९.६ जोखिम व्यवस्थापन :

कम्पनी स्थापनाको छैठौ बर्ष रहेको र आयोजना अध्ययनकै क्रममा भएकाले कम्पनी सञ्चालन तथा आयोजना निर्माणसँग सम्बन्धित जोखिमहरु न्यून रहेको छ ।

आयोजनाको निर्माण कार्यको सन्दर्भमा त्यस क्षेत्रको भू-बनौट, भूकम्प, बाढी-पहिरो, प्रतिकूल वातावरणीय प्रभाव, जग्गा अधिग्रहण, मजदूर विबाद, मूल्य बृद्धि, प्रचलित कानूनमा परिवर्तन, डिजाइन परिवर्तन, दूर्घटना, रोगको संक्रमण जस्ता जोखिमहरु कायम रहने हुँदा ती जोखिमहरुको पूर्व बिश्लेषण गरी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिने छ ।

## १० **शेयरधनीहरुले दिएका सुझावहरुको कार्यान्वयन :**

शेयरधनीहरुले प्रत्यक्षरुपमा वा विभिन्न माध्यमबाट दिनुभएका सुझावहरु कम्पनीले अनुशरण गर्ने गरेको छ । भविष्यमा थप यस्ता सुझावहरु प्राप्त हुनेछन् भन्ने समेत कम्पनीले अपेक्षा गरेको छ ।

## ११. **मुख्य वित्तीय सूचकाङ्कहरु :**

यस कम्पनीको आर्थिक बर्ष २०७८/७९ को मुख्य वित्तीय सूचकाङ्क देहाय अनुसार रहेको छ :

### ११.१ **सम्पत्ति तथा दायित्व :**

आर्थिक बर्ष २०७८/७९ मा कम्पनीको सम्पत्ति तथा दायित्वको अवस्था देहाय अनुसार रहेको :

| क.सं. | विवरण | आ.व. २०७८/७९ |
|---|---|---|
| १ | शेयर पूंजी तथा जगेडा | ९८,००,००,०००/- |
| २ | कुल सम्पत्ति | ८९,३५,५१,४७६/- |
| ३ | बैंक मौज्दात | ४१,५१,५३,६३७/- |
| ४ | कुल आम्दानी | २,५०,६६,३७०/- |
| ५ | कुल खर्च | २,९४,०७,१८३/- |
| ६ | सञ्चालन नाफा/घाटा (करअघि) | (४३,४२,१७७)/-) |
| ७ | प्रति शेयर आम्दानी (रुपैंयामा) | (१.०६) |

### ११.२. **कम्पनीको आय :**

कम्पनीले आफ्नो उद्देश्य अनुसारको विद्युत उत्पादन गरी आय आर्जन गर्न केही समय पर्खनु पर्ने अवस्था छ ।

तर, आर्थिक बर्ष २०७८/७९ मा कम्पनीलाई बैंकको मौज्दातबाट प्राप्त ब्याज रु. २,५०,६६,३७०/- आम्दानी भएको छ ।

### ११.३. **व्यवस्थापन खर्च :**

लेखापरीक्षण सम्पन्न भएको आर्थिक वर्ष २०७८/७९ मा भएको व्यवस्थापन खर्च अन्तर्गत कर्मचारी खर्चतर्फ रु. १,५७,९३,२८८/- र प्रशासनिक खर्चतर्फ रु. १,३६,१३,८९५/- गरी जम्मा रु. २,९४,०७,१८३/- खर्च भएको छ ।

११.४ **पूँजीगत खर्चको अवस्था** :

लेखापरीक्षण सम्पन्न भएको आर्थिक वर्ष २०७८/७९ सम्ममा जम्मा रु. ४७,०३,५५,१२८/- पूँजीगत खर्च भएको छ। आर्थिक बर्ष २०७६/७७ देखि आयोजना केन्दित कर्मचारी सम्बन्धी खर्चहरु र आयोजना अध्ययन तथा निर्माण सम्बन्धी खर्चहरुलाई पूँजीकृत गरिएको छ।

१२. **सञ्चालक तथा पदाधिकारीहरुको बैठक भत्ता तथा पारिश्रमिक** :

१२.१ **सञ्चालक समितिको बैठक :**

आ. व. २०७८/७९ मा सञ्चालक समितिको बैठक जम्मा १७ पटक सम्पन्न भएको थियो।

१२.२ **सञ्चालक तथा पदाधिकारीहरुको बैठक भत्ता तथा पारिश्रमिक दर** :

आर्थिक वर्ष २०७८/७९ मा कम्पनीका सञ्चालक तथा उच्च पदाधिकारीहरुले निम्नानुसार प्रति व्यक्ति प्रति बैठक भत्ता तथा सुविधा प्राप्त गर्नु भएको थियो :

१. सञ्चालक समितिका सदस्य तथा आमन्त्रित रु. ७,०००/-

२. सञ्चालक समितिले गठन गरेको समिति/उपसमितिक सदस्य रु. ७,०००/-

३. कम्पनी ब्यवस्थापनबाट गठित उपसमितिमा पदीय हैसियत अनुसार प्रति बैठक रु. ७,०००/-, रु ५,०००/- र रु. ३,०००/-

४.कम्पनी सचिवलाई सञ्चालक समितिको बैठकमा रु. ३,५००/- र समिति/उपसमितिमा सहयोग गर्ने अधिकृत कर्मचारीलाई प्रति बैठक रु. १,०००/-, सहायकस्तरका कर्मचारीलाई रु.६००/- र सहयोगी कर्मचारीलाई रु.५००/-

१२.३ **बैठक भत्ता तथा खर्च** :

कम्पनीको आर्थिक वर्ष २०७८/७९ मा भएको बैठक भत्ता तथा खर्चको स्थिति निम्न बमोजिम रहेको छ :

| सि.नं. | बैठक शीर्षक | खर्च रु. |
|---|---|---|
| १ | सञ्चालक समिति | १०,१८,५००/- |
| २ | लेखापरीक्षण समिति | १,८२,०००/- |
| ३ | मानव संसाधन समिति | ५६,०००/- |
| | **कुल रु.** | **१२,६१०००/-** |

### १२.४ प्रवन्ध सञ्चालकको पारिश्रमिक, भत्ता तथा आर्थिक सुविधा भुक्तानी :

कम्पनी संचालक समिति र प्रबन्ध संचालक बीच सम्पन्न भएको कार्यसम्पादन सम्झौता बमोजिम कम्पनीका प्रवन्ध सञ्चालकलाई आर्थिक बर्ष २०७८/७९ मा पारिश्रमिक वापत रु. ९,९७,८०६/- आयोजना नेतृत्व भत्ता बापत रु. २९,९३,४१९/-, समिति/उपसमितिको बैठक भत्ता बापत रु. २,४५,०००/- र अन्य आर्थिक सरसुविधा (सञ्चय कोष, बिदा, पोशाक, औषधोपचार र चाडपर्व खर्च) बापत रु. ३,५०,५०६/- प्रदान गरिएको छ। प्रवन्ध सञ्चालकको आर्थिक बर्ष २०७८/७९ को कार्यसम्पादन मूल्यांकनको क्रममा रहेको छ।

## १३. प्रस्तावित बेतन कर्णाली अर्धजलासययुक्त जलबिद्युत आयोजना सम्बन्धी संक्षिप्त जानकारी :

### १३.१ अवस्थिति :

यस कम्पनीबाट निर्माणधीन *बेतन कर्णाली अर्धजलासययुक्त जलविद्युत आयोजना* कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पर्दछ। कर्णाली नदीको पानी उपयोग गरी निर्माण हुने यस अर्धजलाशययुक्त जलविद्युत आयोजनाको मुख्य संरचनाहरु जस्तो : पावरहाउस, क्याम्प हाउस, हेड-रेस टनल, टेल-रेस टनल जस्ता सबै संरचनाहरु सुदूरपश्चिम प्रदेशको अछाम जिल्लाको ढकारी गाउँपालिका वडा नं. ६ मा पर्दछ भने डाइभर्सन टनल कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्लाको चौकुने गाउँपालिका वडा नं. ६ मा मात्र पर्दछ। आयोजनाको बाँधस्थल चौकुने गाउँपालिका वडा नं. ६ र ढकारी गाउँपालिका वडा नं. ६ को सीमामा पर्दछ।

### १३.२ पहुँच मार्ग :

यस जलविद्युत आयोजनाको लागि सुर्खेत जिल्लाको मदन भण्डारी लोकमार्ग प्रयोग गर्दै चौकुने गाऊँपालिकाको गुट्टु भन्ने स्थान हुँदै बाँधस्थल (खारगढी) सम्म ९५ कि.मि. प्रबेश मार्गको रहेको छ। सो प्रबेश मार्ग मध्ये चौकुने गाऊँपालिकाको वडा नं. ६ कोइरालावास सम्म सडकको ट्रयाक निर्माण भैसकेकोले कोइरालावास देखि रातामाटे गाऊँ हुँदै भोक्रे सम्म करिव १४ कि.मि. सडकको ट्रयाक खन्ने कार्य कम्पनीको लागत सहभागितामा चौकुने गाऊँपालिकाबाट भैरहेको छ।

यस आयोजनाको दोश्रो बैकल्पिक मार्गको रुपमा अछाम जिल्लाको वेलखेत, राकमवाट मध्यपहाडि लोकमार्ग हुँदै कमलबजार नगरपालिकाको गौरीटार सम्म ३७ कि.मि. र गौरीटारदेखि ढकारी गाउँपालिकाको वडा नं. ६ मालुमेला (बाँध स्थल) सम्म ४५ कि.मि. प्रबेशमार्ग रहेको छ। ढकारी गाउँपालिकाको वडा नं. ६ ढुंगाचाल्नादेखि मालुमेला (बाँध स्थल) सम्मको करिव १४ कि.मि. बाटो कम्पनीको लागत सहभागितामा ढकारी गाउँपालिकाबाट निर्माण सम्पन्न गरिएको छ।

## १३.३ बिस्तृत ईन्जिनीयरिङ्ग अध्ययन :

यस आयोजनाको विस्तृत इन्जिनीयरिङ्ग अध्ययन (Detailed Engineering Study) को कार्य परामर्शदाता एनईए इन्जिनीयरिङ्ग कम्पनी लिमिटेडबाट सम्पन्न भएको छ। परामर्शदाताबाट बिस्तृत आयोजना प्रतिवेदन (Final DPR) र बोलपत्र कागजात (Bid Documents) प्राप्त भइसकेको छ ।

बिस्तृत इन्जिनीयरिङ्ग निर्माणका लागि स्रोत परिचालन, व्यवसायिकता, नगद प्रवाह र प्राविधिक हिसावले यस आयोजना उपयुक्त देखिएको छ ।

## १३.४ वातावरणीय प्रभाव मूल्यांकन :

आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assissmemt) को कार्य गर्न परामर्शदाता एनईए इन्जिनीयरिङ्ग कम्पनी लिमिटेडसँग सम्झौता गरी कार्य भैरहेको छ ।

परामर्शदाताबाट आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को कार्यलाई निरन्तरता दिने क्रममा ToR & Scoping Documents स्वीकृत भई यस सम्बन्धी अन्य कार्यहरु अन्तिम चरणमा पुगेको छ ।

## १३.५ आयोजनाको संरचना :

परामर्शदाताबाट प्राप्त बिस्तृत इन्जिनीयरिङ्ग अध्ययन प्रतिबेदन अनुसार यस आयोजनामा १७२.७५ मिटर लम्बाई र ९० मिटर उचाईको डयाम प्रस्ताव गरिएको छ । आयोजनाको बाँधमा ६ वटा स्पिल-वे गेट र ६ वटा अण्डर स्ल्युइस गेट राखिने छ। बाँधको पानीलाई बिद्युत उत्पादन गृहसम्म ८ मिटर ब्यासका ३ वटा सुरुङ्गबाट पुऱ्याइने छ, जसको लम्वाई सरदर २०१५ मिटर रहने छ । यहाँ ३७.७ मिटर अग्लो २४ मिटर ब्यासको ३ वटा भूमिगत सर्ज-साफ्ट राखिनेछ। बाँधदेखि २.०१५ कि.मि. तल भूमिगत पावर हाउस रहने छ। पावर हाउसमा ७१.६८ मे.वा. क्षमताको ६ वटा फ्रान्सिस टर्वाइनहरु रहने छन् ।

यस आयोजनाका लागि बाँध निर्माण गर्नु पूर्व कर्णाली नदीलाई ९.८ मिटर ब्यास, ५८४.४ मिटर र ७२७ मिटर लम्वाईका २ वटा डाइभर्सन टनलहरुबाट मोडिने छ। यस आयोजनाको क्याचमेण्ट एरिया २२,५१२ वर्ग कि.मि. रहेको छ।

## १३.६ आयोजनाको क्षमता :

बिद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त हुँदा यस आयोजनाको कुल अनुमानित क्षमता ६८८ मे.वा. रहेको भएता पनि परामर्शदाताबाट आयोजना अध्ययनको सिलसिलामा बिभिन्न बिकल्पहरु उपर विस्तृत अध्ययन भई त्यस मध्येको अन्तिम बिकल्प ४३९ मे.वा क्षमताको आयोजना प्राविधिक र आर्थिक दृष्टिकोणले निर्माणका लागि उपयुक्त देखिएको छ र परामर्शदाताबाट सोही बमोजिम Feasibility Study Report पेश गरिएको छ ।

आयोजनाले कुल २३०२.५६ गि.वा.आ. ऊर्जा उत्पादन गर्ने छ भने जसमध्ये आयोजनाको वेट इनर्जी १५९५.०७ गि.वा.आ. छ भने र ड्राई इनर्जी ७०७.४९ गि.वा.आ. रहेको छ। दैनिक ४ घण्टादेखि ६ घण्टासम्म पिकिङ्ग हुने गरी निर्माण गरिने यस आयोजनाले मुलुकको पीक-समयको ऊर्जा मागलाई विशेषरुपमा सम्बोधन गर्न सकिने छ। आयोजनाबाट उत्पादित विद्युतलाई राष्ट्रिय प्रसारण प्रणालीमा जडान गरिने छ।

१३.७ **आयोजनाको लागत :**

परामर्शदाताबाट प्राप्त संभाव्यता अध्ययन प्रतिवेदन र विस्तृत आयोजना प्रतिबेदन अनुसार आयोजनाको कुल अनुमानित लागत रु. ७४ अर्ब १५ करोड (निर्माण अवधिको ब्याज बाहेक) रहेको छ।

१३.८ **आयोजनाको बित्तीय व्यवस्थापन :**

आयोजनाको कुल लागत निर्माण अवधिको ब्याज बाहेक करिब ७४.१५ अर्ब रुपैयाँ निर्धारण भएको छ। निर्माण अवधिको ब्याज समेत हुने जम्मा रु. ८८.१९ अर्ब हुने सन्दर्भमा कर्जा स्व:पूँजी अनुपात ६५:३५ कायम गर्दा आयोजनालाई करिब रु. ५७.३२ अर्ब ऋणको प्रवन्ध गर्न आवश्यक देखिएको छ। जसमा ग्लोवल आईएमई बैंकले सहवित्तीयकरणको नेतृत्व गर्ने र नेपाल इन्फ्रास्ट्रक्चर बैंक र सनराइज बैंक सह-नेतृत्वमा रहने गरी आयोजनालाई बित्तीय व्यवस्थापन गर्ने कार्य सकारात्मक रुपमा अगाडि बढेको छ।

१३.९ **आयोजनाको निर्माण अवधि :**

निर्माण पूर्वका आवश्यक क्रियाकलापहरु (Pre-construction Activites) पहुँचमार्ग निर्माण, जग्गा अधिग्रहण, क्याम्प फ्यासिलिटी, आदि सम्पन्न भैसकेको पछिको अवस्थामा यस आयोजना करिव ५ बर्षभित्र पूरा हुने अनुमान गरिएको छ।

१३.१० **प्रभावित जनसमुदाय :**

सुर्खेत जिल्लाको चौकुने गाऊँपालिका बडा नं. ४ र ६, पञ्चपुरी नगरपालिका वडा नं. ७ र अछाम जिल्लाको ढकारी गाउँपालिका बडा नं. ६ र ७ तथा तुर्माखाँद गाउँपालिका वडा नं. ३, ४ र ५ का जनताहरु यस आयोजनाबाट प्रत्यक्षरुपमा प्रभावित हुनेछन्। यद्यपि, उक्त स्थानहरुमा मानव वस्ती न्यून रहेकाले विस्थापित हुनुपर्ने समस्या न्यून रहेको छ र प्रभावित गाउँपालिकाहरुबाट आयोजनालाई आवश्यक सहयोग प्राप्त भईरहेको छ।

## १४. कम्पनी सञ्चालन, आयोजना कार्यान्वयनको अवस्था र हालसम्मको प्रगति :

१४.१ **आयोजनाको अध्ययनतर्फ :**

१४.१.१ **संभाव्यता अध्ययन प्रतिवेदन र विस्तृत आयोजना प्रतिवेदन:**

परामर्शदाता एनईए इन्जिनीयरिङ्ग कम्पनी लि. बाट प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report), विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report) र आयोजना निर्माण कार्यको बोलपत्र कागजात (Bidding Document) कम्पनीमा प्राप्त भईसकेको छ ।

### १४.१.२ वातावरणीय प्रभाव मूल्याङ्कन :

परामर्शदाताबाट आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को कार्यलाई आगाडि बढाउने क्रममा ToR & Scoping Documents बन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भई तदनुरुका अन्य कार्यहरु अन्तिम चरणमा पुगेको छ ।

### १४.१.३. प्रारम्भिक वातावरणीय प्रभाव परीक्षण (कन्ट्रक्शन पावर) :

आयोजनाको कन्स्ट्रक्शन पावर (३३ के.भी.) ट्रन्समीसन लाईनको निर्माण/प्रशारण अनुमाति पत्र प्राप्तिको प्रकृया अगाडि वढाईएको छ । प्रशारण लाईनको परामर्शदाता चिलिमे इन्जिनीयरिङ्ग एण्ड सर्भिस कं. लि. (चेस्को) बाट प्रारम्भिक प्रारम्भिक वातावरणीय परीक्षण (Initial Enviromental Examinition) का लागि विद्युत विकास विभागबाट कार्यसूची (ToR) स्वीकृत भई तदनुरुप कार्य भईरहेको छ ।

### १४.१.४. प्रारम्भिक वातावरणीय प्रभाव परीक्षण (प्रशारण लाइन) :

आयोजनाबाट उत्पादित विद्युत निकासीका लागि आवश्यक ४०० के.भी. प्रशारणलाइनको विद्युत बिकास विभागबाट विद्युत प्रशारणको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी परामर्शदात ( चेस्को) बाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) का कार्यहरु सम्पन्न हुने क्रममा रहेका छन् ।

## १४.२ आयोजना निर्माणसँग सम्बन्धित नीति नियमतर्फ :

### १४.२.१ निर्माण ढाँचा :

आयोजनाको निर्माण कार्य कुन ढाँचा र प्रकृयाबाट गर्ने भन्ने विपयमा बिज्ञहरुसंगको राय परामर्शमा ढाँचा र प्रकृया (Construction Modality) निरुपण भैसकेको छ ।

### १४.२.२ सवारी साधन नीति :

कम्पनी सञ्चालन एवं आयोजनाको लागि आवश्यक सवारी साधनहरुको उचित प्रवन्ध गर्ने सिलसिलामा वाह्य बिज्ञहरु समेतको परामर्शमा कम्पनीको सवारी साधन नीति (Vehicle Policiy) तर्जुमा गर्ने कार्य सम्पन्न भएको छ ।

१४.२.३ **संस्थागत सामाजिक उत्तरदायित्व नीति :**

आयोजना निर्माणको सन्दर्भमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय तहमा कम्पनीले निर्वाह गर्नुपर्ने भूमिकालाई उचित प्रवन्ध गर्न आवश्यक संस्थागत सामाजिक उत्तरदायित्व नीति (Corporate Social Responsibility Policy) तर्जुमा गरिसकिएको छ।

१४.२.४ **व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति** :

आयोजना निर्माण तथा सञ्चालनको सन्दर्भमा आवश्यक सुरक्षा र स्वास्थ्य नीति तर्जुमा गरीलागू गरिएको छ।

**१५.३ आयोजनाको बिद्युत खरिद बिक्री सम्झौतातर्फ** :

१५.३.१ **ग्रिड कनेक्शन सम्झौता :**

आयोजनाका Grid Connection Agreement तथा विद्युत खरिद सम्झौताका सन्दर्भमा नेपाल बिद्युत प्राधिकरण र राष्ट्रिय प्रशारण ग्रिड कम्पनीले संयुक्त रुपमा अध्ययन सम्पन्न गरी सम्झौताको प्रारुप तयार गर्ने कार्य पूरा भई सोही अनुरुप ग्रिड कनेक्शन सम्झौताका लागि कार्य अगाडि बढेको छ।

१५.३.२ **छाता सम्झौता :**

आयोजनाको विद्युत प्रशारणका लागि आवश्यक नेपाल विद्युत प्राधिकरण र राष्ट्रिय प्रशारण ग्रिड कम्पनी बीच प्रशारण लाइन साझा गर्ने विषयमा सम्पन्न हुनुपर्ने छाता सम्झौता (Umbrella Agreement) को मस्यौदा तयार गर्ने कार्य कम्पनीको सहयोग तथा समन्वयमा दुवै संस्थाका प्रतिनिधिहरुबाट सम्पन्न भएको छ। उक्त छाता-सम्झौता राष्ट्रिय प्रशारण ग्रिड कम्पनीको सञ्चालक समितिबाट स्वीकृत भैसकेको छ भने नेपाल बिद्युत प्राधिकरणमा स्वीकृतिको क्रममा रहेको छ।

१५.३.३ **विद्युत खरिद बिक्री सम्झौता :**

आयोजनाको विद्युत खरिद विक्री सम्झौताका लागि नेपाल विद्युत प्राधिकरणमा नियमानुसार नियमानुसार Energy Lock भई Grid Connection Agreement को कार्य अगाडि वढेको छ।

१५.४ **आयोजना निर्माणको पूर्व तयारीतर्फ :**

१५.४.१ **जग्गा अधिग्रहण :**

आयोजनाको लागि आवश्यक जग्गा अधिग्रहण गर्ने सिलसिलामा अछाम जिल्लाको ढकारी गाउँपालिका र तुर्माखाँद गाउँपालिका अन्तर्गत करिव १८४४ रोपनी जग्गा अधिग्रहण गर्ने

क्रममा सम्पूर्ण प्रकृया पूरा भई मुआव्जा निर्धारण भैसकेको छ र वित्तीय स्रोतको सुनिश्चितता पश्चात् जग्गाको मुआव्जा वितरण गरिने छ।

सुर्खेत जिल्लातर्फको करिव ३९३ रोपनी जग्गा अधिग्रहणका लागि जिल्ला प्रशासन कार्यालय सुर्खेतमा जग्गा अधिग्रहण सम्बन्धी प्रारम्भिक प्रतिवेदन पेश गरि मिति २०७८/०८/१६ को गोरखापत्र दैनिकमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ (१) बमोजिम जग्गा अधिग्रहण सम्वन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशन भई विवरण संकलन गरी मुआव्जा निर्धारणको क्रममा रहेको छ।

### १५.४.२ बेसिक क्याम्प हाउस :

आयोजनालाई तत्काल आवश्यक पर्ने वेसिक क्याम्प हाउस (Basic Camp House) निर्माण गर्ने कार्य सम्पन्न गरी आवाशगृह तथा कार्यालय सञ्चालनमा आएको छ।

### १५.४.३ अडिट टनल :

आयोजनाको हेडवर्क्स र पावर हाउसमा जम्मा ४ वटा अडिट टनल (४४० मिटर) निर्माण सम्पन्न भैसकेको छ भने पावर हाउसमा थप अध्ययनका लागि आवश्यक रहेको १३१ मिटरमध्ये करिव ११४ मिटर निर्माण सम्पन्न भई बाँकी निर्माणको कार्य भैरहेको छ।

### १५.४.४ आयोजनाको पहूँचमार्ग :

आयोजनाको हेडवर्कस तथा पावर हाउससम्मको पहूँचका लागि आछाम जिल्लाको ढकारी गाउँपालिकाको वडा नं. ६ ढुंगाचाल्नादेखि मालुमेला (बाँध स्थल) सम्मको करिव १८ कि.मि. बाटो कम्पनीको लागत सहभागितामा ढकारी गाउँपालिकाबाट निर्माण सम्पन्न गरि सकिएको छ।

आयोजनाको लागि सुर्खेत जिल्लाको मदन भण्डारी लोकमार्ग प्रयोग गर्दै चौकुने गाऊँपालिकाको गुट्ट भन्ने स्थान हुँदै बाँधस्थल (खारगढी) सम्म ९५ कि.मि. प्रवेशमार्ग रहेको छ। सो प्रवेश मार्ग मध्ये चौकुने गाऊँपालिकाको वडा नं. ६ कोइरालावाससम्म सडकको ट्र्याक निर्माण भैसकेकोले कोइरालावास देखि रातामाटे गाऊँ हुँदै भोक्रेसम्म करिव १४ कि.मि. सडकको ट्र्याक खन्ने कार्य कम्पनीको लागत सहभागितामा चौकुने गाऊँपालिकाबाट भैरहेको छ। आर्थिक वर्ष २०७८/०७९ को अन्तसम्ममा सो सडकको करिव ८ कि.मि. ट्र्याक निर्माणको कार्य सम्पन्न सम्पन्न भएको छ र निर्माण प्रगति सन्तोषजनक रहेको छ।

### १५.४.५ Discharge तथा Sediment Measurment कार्य:

आयोजनाको अध्ययन कार्यलाई थप सुदृढ गर्ने उद्धेश्यले आयोजना स्थलमा रहेको कर्णाली नदीमा Discharge तथा Sediment Measurment को कार्यलाई निरन्तरता दिइएको छ।

१६. **आयोजनाको निर्माण कार्यको रेखदेख गर्ने परामर्शदाताको छनौट सम्बन्धमा :**

नेपालमा पूर्वाधार निर्माण वा अन्य जलबिद्युत आयोजनाहरुले परामर्शदाता नियुक्तिका सन्दर्भमा अवलम्बन गरेका बिधि र प्रकृया, त्यस्ता आयोजनाहरुले अन्तर्राष्ट्रियस्तरबाट परामर्शदाता छनौट गर्दा देखिएका सवालहरुमा गरेको सम्बोधन, कम्पनीको खरिद बिनियमावली र कम्पनीको कार्यप्रकृति समेतलाई दृष्टिगत गरी बाह्य बिज्ञ समूहबाट समग्र आयोजना निर्माणको सुपरीबेक्षण गर्ने परामर्शदाताको छनौटका लागि अन्तर्राष्ट्रियस्तरमा सूचना प्रकाशन गरी अन्तर्राष्ट्रिय परामर्शदाताबाट Expression of Interest (EoI) माग गरी तदनुरुप कार्य अगाडि वढाएको छ।

१७. **अन्य नियमित कार्यतर्फ :**

कम्पनीको नियमित कार्यहरु जस्तो : वार्षिक साधारण सभा, आन्तरिक तथा वाह्य लेखापरीक्षण, कर परीक्षण, श्रम अडिट, लेखांकीय मूल्यांकन र कम्पनी अध्यावधिक गर्ने कार्य सम्पन्न गरिएका छन ।

१८. **कम्पनीको भावी योजना एवं कार्यक्रम :**

यस कम्पनीबाट प्रस्ताबित बेतन कर्णाली अर्धजलासययुक्त जलबिद्युत आयोजना निर्माणका लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन रणनीति एवं व्यवसायिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

आयोजनाको बिस्तृत परियोजना प्रतिबेदन र वोलपत्र कागजात प्राप्त भईसकेको अवस्थामा कम्पनीले निर्माण गर्न लागेको बेतन कर्णाली अर्धजलाशययुक्त जलबिद्युत आयोजनाको निर्माण कार्यको रेखदेख (Construction Supervision) गर्ने परामर्शदाताको छनौटका लागि अन्तर्राष्ट्रियस्तरमा बोलपत्र गरी ख्यातिप्राप्त परामर्शदाता छनौट गर्ने कार्य सम्पन्न गरिने छ ।

आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) को कार्य समेत चालु आर्थिक बर्ष २०७९/८० भित्रै सम्पन्न गरिने छ ।

आयोजनाको निर्माण कार्य प्रारम्भ गर्नुपूर्व गर्नुपर्ने Pre-construction Activities अन्तर्गत सुर्खेत तर्फको पहूँचमार्ग निर्माण र अछाम र सुर्खेत जिल्ला तर्फको जग्गा खरिद तथा प्राप्ती, कन्स्ट्रक्शन पावरका लागि प्रशारण लाइन निर्माण, बेली ब्रिज निर्माण, आयोनना निर्माणको रेखदेखका लागि अन्तर्राष्ट्रिय परामर्शदाताको नियुक्ति, अन्तर्राष्ट्रियस्तरमा बोलपत्र गरी आयोजना निर्माण कार्यको ठेकेदार छनौट गर्ने कार्यका साथै आयोजनाका लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन र विद्युत खरिद बिक्रि सम्झौता चालु आर्थिक वर्ष २०७९/८० भित्रै सम्पन्न गरिने लक्ष लिइएको छ ।

## २०. लक्ष अनुरुप प्रगति हासिल हुन नसक्नुका कारणहरु :

कम्पनी आयोजनाको अध्ययन र निर्माणसंग सम्बन्धित लिएका लक्षहरु अनुरुप उपलब्धी हासिल गर्न निरन्तर क्रियाशील रहेता पनि केही प्राबिधिक कारणहरु र केही कावुबाहिरको परिस्थितिका कारण यस अवधिमा लक्षअनुरुप उपलब्धी हासिल हुन सकेन ।

(क) **स्रोत तथा वित्त व्यवस्थापन :**

आर्थिक वर्ष २०७८/८९ प्रारम्भका करिव ७ महिना सम्म सञ्चालक समितिले पूर्णता पाउन नसक्दा संस्थापक शेयर धनीहरुवाट शेयर वापतको रकम प्राप्तीमा भएको ढिलाई, बैंकसँगको ऋण सम्वन्धि प्रकृयामा पर्न गएको प्रभाव, सञ्चयकोषवाट सञ्चयकर्ताहरुको शेयर सम्वन्धी संरचना थप निरुपण हुनुपर्ने विषयसँग अगाडि वढाइएका विभिन्न अध्ययनसँग हुन गएको ढिलाई, नेपाल विद्युत प्राधिकरणवाट आयोजनाको विद्युत खरिद सम्झौताको प्रकृया अगाडि वढाउदा विभिन्न समयमा देखिएको नीतिगत जटिलता र उपयुक्त निर्णयमा लाग्न गएको समय र समग्रमा आयोजनाको क्षमता तथा वित्तीय व्यवस्थापन गर्नुपर्ने रकमको आकारलाई मध्यनजर गर्दा लाग्ने समयले वित्त व्यवस्थापन प्रभावित हुन गएको ।

ख) **जग्गा अधिग्रहणतर्फ :**

अछाम जिल्लातर्फ जग्गा अधिग्रहण सम्वन्धी सम्पूर्ण प्रकृया पुरा भई मुआव्जा वितरणका लागि आवश्यक रकम प्राप्तीमा लाग्न गएको समयले गर्दा मुआव्जा वितरण कार्य प्रभावित भएको ।

ग) **जेनेरेशन लाईसेन्स तथा विद्युत खरीदतर्फ :**

आयोजनाको जेनेरेशन लाईसेन्सको निवेदन उपर कारवाही अगाडि वढाउदा समय लाग्न गएको तथा नेपाल विद्युत प्राधिकरणवाट आयोजनाको विद्युत खरिद सम्झौताको प्रकृया अगाडि वढाउदा विभिन्न समयमा देखिएको नीतिगत जटिलता र उपयुक्त निर्णयमा लाग्न गएको समय मध्यनजर गरी उक्त कार्य प्रभावित हुन गएको ।

घ) **अन्तराष्ट्रिय परामर्शदाता छनौटतर्फ :**

अन्तराष्ट्रिय परामर्शदाता छनौटसँग सम्वन्धित EOI कागजात तथा प्राप्त हुने EOI को मुल्यांकनका लागि तयार गर्नुपर्ने मुल्यांकनका आधारहरुको तयारीमा समय लाग्न गई EOI को सूचना मिति २०७८/०३/१५ मा प्रकाशन गरी सकिएको ।

(ङ) **प्रशारण लाईनतर्फ :**

३३ के.भीं प्रशारण लाईनका को IEE का लागि विद्युत विकास विभागवाट स्वीकृत भई बोलपत्र कागजात तयारी अवस्थामा रहेको भएता पनि सो कार्यका लागि आवश्यक वित्त व्यवस्थापन गरी मात्र वोलपत्र गर्ने नीति अनुरुप उक्त कार्य संचालक समितिको को १०६औ बैठकवाट आगमी आ. वं ०७९/८० मा गर्ने गरी स्थानान्तरण भएको ।

४०० के.भीं तर्फको प्रशारण लाइनको अध्ययन प्रकृयामा लाग्न गएको समयले गर्दा प्रभावित भएको ।

(च) **पहुँचमार्ग निर्माणतर्फ:**

आयोजनाको लागि आवश्यक सुर्खेत जिल्लाको चौकुने गाउँपालिकामा पर्ने दाश्रो पहूँचमार्ग निर्माणको कार्य वाढी ,पैरो तथा अन्य विविध प्राविधिक कारणले प्रभावित भई तोकिएको समयमा निर्माण सम्पन्न नसकेको र यसको प्रभावका कारण बेल्ली-ब्रिज निर्माणको कार्य समेत समयमा अगाडि बढाउन नसकिएको ।

२१. **राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थिति कम्पनीको कारोबारलाई पारेको असर :**

**राष्ट्रिय :** कर्मचारी सञ्चय कोषबाट मनोनयन भई सञ्चयकर्ताको तर्फबाट कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुहुने तीन जना सञ्चालकहरुको पदावधि मिति २०७८/०४/१० देखि समाप्त भएको, प्रवर्द्धक बिद्युत उत्पादन कम्पनी लि. को तर्फबाट सञ्चालक समितिमा सस्थागत प्रतिनिधित्व गर्ने सञ्चालक पद रिक्त रहेको कारणबाट मिति २०७८/१०/२३ सम्म करिव ७ महिना अध्यक्ष लगायत चार जना सञ्चालक पद खाली रहेको अवस्थामा गणपूरक संख्याको अभावमा सञ्चालक समितिले पूर्णता नपाएको तथा कम्पनीको माग बमोजिम संस्थापक शेयरधनीहरुबाट शेयर रकम प्राप्त नहुँदा उत्पन्न कावुबाहिरको परिस्थितिका कारणबाट सो अवधिमा वार्षिक लक्ष अनुरुपका कार्यहरु प्रभावित हुन पुग्यो ।

आयोजनालाई समयमा नै सम्पन्न गर्न असर गर्ने अन्य कुराहरु जस्तो - निर्णय प्रकृयाको सरलीकरण र शीघ्रताका साथै खरिद ब्यवस्थापन र जनशक्ति ब्यवस्थापनमा समयमा नै निर्णय लिई कार्यलाई चुस्त बनाउनेतर्फ कम्पनीको प्रयासहरु निरन्तर जारी नै रहेको छ ।

**अन्तर्राष्ट्रिय :** नेपालको वित्तीय क्षेत्र अर्न्तराष्ट्रिय वित्त बजारसंग प्रत्यक्ष रुपमा आवद्ध भई नसकेकोले अर्न्तराष्ट्रिय परिस्थितिबाट यहाँको वित्तीय बजारमा खासै असर पर्ने गरेको छैन । तर पनि छिमेकी मित्र राष्ट्रहरु बीचको आर्थिक, सामाजिक र राजनीतिक गतिविधिबाट भने नेपालको वित्तीय क्षेत्रमा तथा पूँजी बजारमा केही असर पर्ने गरेको छ ।

आयोजनाबाट उत्पादित विजुली स्वदेशमा नै खपत हुने भएता पनि ऊर्जा उत्पादन तथा निर्यातका लागि नेपाल दुई ठूला देशहरु बीचमा रहेकोले कम्पनीबाट उत्पादन हुने विद्युतको

खपत तथा निर्यात सम्भावना समेत अधिक रहेको हुनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिले ऊर्जा विकास वा यसको कारोबारको भविष्य अत्यन्त राम्रो रहेको छ ।

## २२. सञ्चालक समिति र सोमा भएको हेरफेर :

कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ। आर्थिक बर्ष २०७८/७९ मा कायम रहेको सञ्चालक समितिका पदाधिकारीहरु र यस वीचमा सञ्चालक समितिमा भएको हेरफेर यस प्रकार रहेको छ :

क) **सञ्चालक समिति सम्बन्धी व्यवस्था** :

कम्पनीको प्रवन्धपत्र र नियमावलीमा व्यवस्था भएबमोजिम कम्पनीको सञ्चालन गर्न नौ सदस्यीय एक सञ्चालक समिति रहने व्यवस्था छ ।

जसमा कर्मचारी सञ्चय कोष, नेपाल बिद्युत प्राधिकरण र बिद्युत उत्पादन कम्पनीबाट संस्थागत प्रतिनिधिहरु १-१ जना गरी तीन जना र कम्पनीले शेयर प्रमाणपत्र बितरण नगर्दासम्म सञ्चयकर्ताको प्रतिनिधित्व कोष आफैले गर्ने भएकोले कोपले बनाएको कार्यबिधि अन्तरगत सञ्चयकर्ताको प्रतिनिधित्व हुने गरी कोपबाट मनोनित जम्मा ३ जना र बिज्ञ सञ्चालक २ जना गरी ८ सदस्यीय सञ्चालक समिति रहेको छ । सर्बसाधारणलाई शेयर निष्काशन भई शेयर रकम चुक्ता भएपश्चात्‌मात्र सर्बसाधारण शेयर धनीहरुबाट १ जना सञ्चालककमको प्रतिनिधित्व भएपछि सञ्चालक समितिले पूर्णता पाउनेछ ।

(प्रतिबेदन तयारीको अवस्थामा हाल कायम रहेको मौजुदा सञ्चालक समितिको बिवरण अनुसूची - १ मा प्रस्तुत गरिएको छ ।

ख) **सञ्चालक समितिमा हेरफेर** :

आर्थिक बर्ष २०७८/७९ मा सञ्चालक समितिमा भएको हेरफेर/परिबर्तन निम्न बमोजिम रहेको छ :

(१) बिद्युत उत्पादन कम्पनी लिमिटेडको तर्फबाट साबिकमा मनोनित सञ्चालक श्री अनन्तराज घिमिरेको सट्टामा सो कम्पनीले मिति २०७८/०७/०२ देखि श्री मधुप्रसाद भेटवाललाई मनोनयन गरी पठाएको ।

(२) बिद्युत उत्पादन कम्पनी लिमिटेडको तर्फबाट साबिकमा मनोनित सञ्चालक श्री मधुप्रसाद भेटवालको सट्टामा सो कम्पनीले मिति २०७९/०३/०५ देखि डा. कल्याणराज शर्मालाई मनोनयन गरी पठाएको ।

(२) कर्मचारी सञ्चय कोषबाट संस्थागत प्रतिनिधित्व हुने गरी रिक्त मनोनित सञ्चालकमा कोषले मिति २०७८/०८/१७ देखि श्री जितेन्द्र धिताललाई मनोनयन गरी पठाएको ।

(३) कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ताको प्रतिनिधित्व हुने गरी कोषबाट मनोनित रिक्त सञ्चालकमा कोषले मिति २०७८/०८/१७ देखि श्री चिरञ्जीवी चटौतलाई मनोनयन गरी पठाएको ।

(४) कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ताको प्रतिनिधित्व हुने गरी कोषबाट मनोनित रिक्त सञ्चालकमा कोषले मिति २०७८/०८/१७ देखि श्री ईश्वरी प्रसाद अर्याललाई मनोनयन गरी पठाएको ।

२३. **सञ्चालक समितिको मान्यता** :

कम्पनीले संस्थागत सुशासन प्रणालीलाई सदैव आत्मसात गरी आफ्नो जिम्मेवारीको पालना गर्ने र जवाफदेहिता बहन गर्ने मान्यता लिइआएको छ । साथै रणनीतिक व्यवस्थापन पद्धति, ब्यावसायिक कार्य पद्धतिको पुनर्संरचनाका आधारमा निरन्तर कार्य पद्दतिमा सुधार, कार्यसम्पादन, विकास र अनुशरण, व्यवस्थापन र कर्मचारी बीचको सुमधुर सम्बन्ध, तमाम सञ्चयकर्ता एवं लगानीकर्ताको सर्बथा हीत, सेवामा सम्पूर्ण रुपमा समर्पण जस्ता मूल्य र मान्यताको साथ अघि बढ्ने प्रण गर्दछौं । त्यसैगरी संस्थागत सुशासनले गरेको पदीय नैतिकता पालना र जिम्मेवारी बोधका विषयमा सञ्चालक समिति सदैव संवेदनशील रहेको र कम्पनीले कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको पालना पूर्ण रुपमा गरेको ब्यहोरा समेत सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

२४. **विविध** :

कम्पनी ऐन, २०६३ मा भएको ब्यवस्था अनुरुप देहायका विषयहरुका साथै आर्थिक बर्ष २०७८/७९ को लेखापरीक्षण प्रतिबेदन र वित्तीय बिबरणहरु समेत यसैसाथ संलग्न गरी सम्मानित सभालाई जानकारी गराउन चाहन्छु :

(१) आर्थिक बर्ष २०७८/७९ को बार्षिक आर्थिक बिबरण
(२) आर्थिक बर्ष २०७८/७९ को लेखापरीक्षण प्रतिबेदन
(३) आर्थिक बर्ष २०७८/७९ को बित्तीय बिबरणहरु

**अन्त्यमा,** यस कम्पनीलाई निरन्तर सहयोग पुऱ्याउने जलस्रोत, ऊर्जा तथा सिंचाई मन्त्रालयका सम्वद्ध पदाधिकारीहरु, अर्थ मन्त्रालय, विद्युत विकास विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ताहरु, संस्थापक प्रवर्द्धकहरु - कर्मचारी सञ्चय कोष, नेपाल विद्युत प्राधिकरण र विद्युत उत्पादन कम्पनीको सञ्चालक समिति एवं व्यवस्थापन समूहप्रति आभार व्यक्त गर्दछु ।

यसै गरी कम्पनीका लेखापरीक्षक, आन्तरिक लेखापरीक्षक, कम्पनीको नीति, नियम, कार्यविधि र विभिन्न अध्ययनमा संलग्न विज्ञहरु तथा अन्य सम्वद्ध सरोकारवालाहरुलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

साथै, कम्पनीलाई प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा मार्गदर्शन र सुझाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुक तथा सहभागीहरु प्रति सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फवाट समेत धन्यवाद दिन चाहन्छु ।

(दीपक रौनियार)
प्रवन्ध सञ्चालक

(राधेंश पन्त)
सञ्चालक

(दुर्गानन्द बडियैत)
सञ्चालक

(जितेन्द्र धिताल)
सञ्चालक

(ईश्वरी प्रसाद अर्याल)
सञ्चालक

(चिरञ्जीवी चटौत)
सञ्चालक

(डा. कल्याणराज शर्मा)
सञ्चालक

(अनुप कुमार उपाध्याय)
अध्यक्ष